# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चक्रचक्की, झापा
कोशी प्रदेश, नेपाल

नेपाल सम्वत् ११४६

**शिक्षक बैङ्कको लागि आवेदन आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८३/०६/१९, सूचना नं. १०४**

बाह्रदशी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने अतिरिक्त शिक्षक व्यवस्थापनका लागि "शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३" अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (मिति २०८३/०६/२५ गते कार्यालय समयभित्र) शिक्षा, युवा तथा खेलकुद शाखामा शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३ को अनुसूची-३ को ढाँचा आवेदन गर्न दरखास्त आह्वान गरिन्छ।

**१. विज्ञापन विवरण तथा माग पदहरू:**

| विज्ञापन नम्बर | तह/श्रेणी | विषय | आवश्यक न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १३/०८३-८४ | माध्यमिक (तृतीय श्रेणी) | गणित, विज्ञान, नेपाली, अङ्ग्रेजी, सामाजिक, लेखा, अर्थशास्त्र र कम्प्युटर इन्जिनियरिङका विषय | सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण। | |
| १४/०८३-८४ | निम्न माध्यमिक (तृतीय श्रेणी) | गणित, विज्ञान, नेपाली, अङ्ग्रेजी, सामाजिक, | सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह (+2) वा सो सरह उत्तीर्ण। | |
| १५/०८३-८४ | प्राथमिक (तृतीय श्रेणी) | सबै विषय (सामान्य) | मान्यता प्राप्त शिक्षण संस्थाबाट +2 वा सो सरह उत्तीर्ण। | |

**२. उम्मेदवारको योग्यता तथा आवश्यक शर्तहरू:**

**उमेर हद:** दरखास्त दिने अन्तिम मितिसम्म कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

**अध्यापन अनुमति पत्र (Teaching License):** सम्बन्धित तहको अध्यापन अनुमति पत्र हुनुपर्नेछ। तर माध्यमिक तह र निम्न माध्यमिक तहको गणित, विज्ञान, लेखा र प्राविधिक धार तर्फको विषयको हकमा अध्यापन अनुमति पत्र नभएका उमेद्वारहरुले पनि आवेदन दिन सक्नेछन्।

**३. पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

क) रीतपूर्वक भरिएको आवेदन फाराम।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ग) शैक्षिक योग्यता (न्यूनतम र माथिल्लो) का लब्धाङ्क पत्र (Transcript) र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।

घ) अध्यापन अनुमति पत्रको प्रतिलिपि ।

२०८३/०६/१९

प्रमुख प्रशासकीय अधिकृत

ङ) स्थानीय बासिन्दा पुष्टि हुने कागजात (नागरिकता वा बसाइँ सरि आएको भए बसाइँसराइ दर्ताको प्रमाण पत्र)।

**४. छनोट प्रक्रिया:**योग्यताक्रम, शैक्षिक प्राप्ताङ्क, स्थानीयता, अध्यापन अनुमति पत्र र अन्तर्वार्ताको माध्यमबाट शिक्षक बैङ्कका लागि सूचीकृत गरिनेछ।

**५. दरखास्त दिने अन्तिम मिति र स्थान:** दरखास्त दिने अन्तिम मिति २०८३/०६/२५ गते कार्यालय सम्ममा बाह्रदशी गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, चकचकी, झापा वा इमेल: bahradashirm@gmail.com

**६. अन्तर्वार्ताको मिति र स्थान:** पछि सूचना प्रकाशन गरिने।

***द्रष्टव्य:***शिक्षक बैङ्कमा सूचीकृत शिक्षकलाई स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक ५ दिन भन्दा बढी बिरामी बिदा , किरिया बिदा, प्रसुती बिदा, प्रसुती स्याहार बिदा, बेतलबी बिदा, असाधारण विदा, अध्ययन विदामा बसेको खण्डमा विद्यालयबाट माग भइ आएमा गाउँ शिक्षा समितिले तोके बमोजिम दैनिक परिश्रमिक पाउने गरी योग्यताक्रमको आधारमा खटाइने छ ।

२०८३।०६।२०

.................................

सुनिता रिमाल

प्रमुख प्रशासकीय अधिकृत